दोर्दी खोला जल विद्युत कम्पनी लिमिटेडको

आ.व. २०७१/७२ को वार्षिक साधारण सभाको माईन्यूट

आज मिति २०७२ साल चैत महिना १२ गते दिउँसो २:०० बजे का.जि.का.म.न.पा वडा नं. १० इन्द्रेणी कम्प्लेक्स, बानेश्वरमा यस दोर्दी खोला जल विद्युत कम्पनी लिमिटेडको वार्षिक साधारण सभाको बैठक निम्न संचालकहरुको उपस्थितिमा निम्न विषय उपर छलफल गरी निर्णय पारित गरियो ।

उपस्थिति

१. श्री डिकेन्द्र राज कडेल	अध्यक्ष
२. श्री विनय कुमार भण्डारी	प्रबन्धक सञ्चालक
३. श्री दिपेन्द्र लाल कर्ण	सञ्चालक
४. श्री बसन्त राज राउत	सञ्चालक
५. श्री हरि कान्त खनाल	सञ्चालक

आमन्त्रित

७. श्री अवधेश पन्त	गान्धी एण्ड एशोसिएट्सका तर्फबाट
८. श्री सुरेश चन्द्र खरेल	कम्पनी सचिव

प्रस्तावहरु

क) सामान्य प्रस्ताव

१. आ.व. २०७१ /७२ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखा परिपक्षकको प्रतिवेदन सहित आ.व. २०७१ /७२ आषाढ मसान्त सम्मको वासलात तथा नाफा नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह विवरण माथि छलफल गरि अनुमोदन गर्ने ।

३. आ.व. २०७२।७३ को लेखा परिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

ख) विशेष प्रस्ताव

४. प्रबन्ध पत्र तथा नियमावली संशोधन ।

५. दोर्दी –१ जलविद्युत आयोजनाको ऋण सम्झौताको अनुमोदन ।

६. परिपत्र विधिबाट अग्राधिकार शेयर बिक्री गर्ने बारे ।

आजको यो सभा वैधानिक भए नभएको तर्फ छलफल गर्दा कम्पनीको प्रबन्ध पत्र तथा नियमावली बमोजिम शेयरधनीको गणपूरक संख्या पूरा भई सभाको वैधानिकता पुरा भएकोले सभाको कारवाही अगाडी बढाउन अध्यक्षज्यूले निर्देशन दिनुभयो ।

छलफल तथा निर्णयहरु :

प्रस्ताव नं १

अध्यक्षज्यूले कम्पनीको आ. व. २०७१/७२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै सो आ.व.का ठूला उपलब्धिहरु र भविष्यका योजनाहरुबारे चर्चा गर्नु भयो ।

तत्पश्चात अध्यक्षज्यूले पेश गर्नु भएको प्रतिवेदन सर्वसम्मतले पारित गरियो ।

प्रस्ताव नं.२

लेखापरीक्षकले तयार पार्नुभएको आ. व. २०७१/०७२ को वासलात, नाफा नोक्सान तथा आर्थिक विवरण वार्षिक साधारण सभामा स्वीकृतिका लागी पेश गरियो । लेखापरिक्षकले पेश गर्नुभएको आ.व. २०७१/७२ को प्रतिवेदन माथि छलफल भै उक्त प्रतिवेदन साधारण सभामा उपस्थित सबै शेयरधनीद्वारा सर्वसम्मतले पारित गरियो ।

प्रस्ताव नं ३

अध्यक्षज्यूले आ.व. २०७२/७३ को लागी लेखापरीक्षक नियुक्ति गरी निजको पारिश्रमिक तय गर्ने प्रस्ताव बैठक समक्ष राख्नु भयो । अध्यक्षज्यूद्वारा कम्पनीको आ. व. २०७२/७३ का लागि पि. महासेठ एण्ड कम्पनी का लेखा परिक्षक श्री पि. महासेठ लाई लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक कर बाहेक रु. ४०,०००/०० (रु. चालिस हजार मात्र) हुने प्रस्ताव बैठक सामु राख्नु भयो ।

छलफल पश्चात्, सबै शेयरधनीहरुद्वारा सर्वसम्मत्मा, पि. महासेठ एण्ड कम्पनी का लेखा परिक्षक श्री पि. महासेठ लाई आ.व. २०७२/७३ को लेखापरीक्षक नियुक्ति गरियो र निजको पारिश्रमिक कर बाहेक ४०,०००/०० (रु. चालिस हजार मात्र) हुने प्रास्ताव पारित गरियो ।

बिषेश प्रस्ताव

प्रस्ताव नं ४

अध्यक्षज्यूले प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने प्रस्ताव बैठक समक्ष राख्नु भयो ।

प्रबन्धपत्र तथा नियमावली अनुमोदन गर्ने प्रस्ताव उपर छलफल हुँदा केही सामान्य परिवर्तन गरी प्रबन्ध पत्र नियमावलीको संसोधन प्रस्ताव (तिनमहले) यसै साथ संलग्न छ । बैठकमा उपस्थित सबै शेयरधनीहरुद्वारा सर्वसम्मतले पारित गरियो ।

प्रस्ताव नं ५

अध्यक्षज्यूले दोर्दी –१ जलविद्युत आयोजनाको लागी सानिमा बैंकको नेतृत्वमा रु. १ अर्ब चालिस करोड बराबरको ऋण लिने सम्झौताको अनुमोदन गर्ने प्रस्ताव बैठक समक्ष राख्नु भयो । बैठकमा छलफलका क्रममा उठेका जिज्ञासालाई प्रबन्ध संचालकले स्पष्ट पार्नुभयो । तत्पश्चात सर्वसम्मतले उक्त ऋण सम्झौता अनुमोदन गरियो ।

प्रस्ताव नं ६

शेयरधनी लमजुङ्ग विद्युत विकास कम्पनी लि. ले परिपत्र विधिबाट अग्राधिकार शेयर निष्काशन गर्ने प्रस्ताव छलफल गर्न र निर्णय गर्न प्रस्ताव पेश गऱ्यो ।

अध्यक्षज्यूले कम्पनीले परिपत्र विधिबाट अग्राधिकार शेयर निष्काशन गर्ने प्रस्तावको बारेमा प्रस्ट पार्नु भयो । उक्त प्रस्तावलाई साधारण सभाले छलफल गर्ने स्वीकार गऱ्यो । छलफल पश्चात सर्वम्मतले कम्पनीले परिपत्र विधिबाट अग्राधिकार शेयर निष्काशन गर्ने प्रस्ताव पारित गऱ्यो ।

छलफलको लागि अन्य कुनै प्रस्ताव बाँकी नभएकोले अध्यक्षज्यूले उपस्थित संचालकहरुलाई धन्यवाद दिदै आजको बैठक समापन गरियो ।

अध्यक्ष

कम्पनी सचिव